घरपझोङ गाउँपालिका

# गाउँसभाको १३औं अधिवेशनका निर्णयहरु

**कार्यसूची १ बमोजिमको निर्णय :-**

कार्यसूची १ बमोजिम सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यूले गाउँसभाको १३औं अधिबेशन आह्वान गरेको मिति २०८०।११।१६ गतेको पत्रको व्यहोरा वाचन गरी सभामा जानकारी गराउनु भयो ।

**कार्यसूची २ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १३औं अधिबेशनमा गाउँसभा सदस्य श्री सरीता नेपाली र श्री बिर प्रसाद थकालीले अधिबेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

**कार्यसूची ३ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकालीले सार्वजनिक लेखा समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय:**

१ चालु आर्थिक वर्षको कुल बजेट रकम २८ करोड ५ लाख ५९ हजार ७ सय रुपैयाँ मात्र स्वीकृत भई अख्तियारी प्राप्त भएकोमा हाल सम्म चालु र पूँजिगत गरी जम्मा ८ करोड १९ लाख ८५ हजार ३ सय रुपैयाँ खर्च भएको छ, जुन रकम कुल बजेटको करिब ३०% मात्र हो।

२ उल्लेखित कुल बजेट मध्य चालु बजेट रकम १९ करोड ७० लाख ६७ हजार रहेकोमा हालसम्म ७ करोड २ लाख ५८ हजार रुपैयाँ चालु खर्च देखिन्छ, जुन कुल चालु बजेटको करिब ३६ % हुन आउछ।

३ चालु आर्थिक वर्षको लागि विनियोजित बजेटमा कुल पूँजिगत बजेट रकम ८ करोड ३४ लाख ९२ हजार रहेकोमा हालसम्मको खर्च रकम १ करोड १७ लाख २७ हजार हो । जुन कुल पूजिगत बजेटको १४ % मात्रै रहेको छ।

४ चालु आर्थिक वर्षमा संघीय सरकारबाट कुल बजेटको सिलिङ प्राप्त हुँदा संघीय राजस्व तर्फ ४ करोड २९ लाख १६ हजार ७ सय रुपैयाँ अनुमान रहेकोमा चालु आर्थिक वर्षको करिब ८

महिना बितिसक्दा जम्मा रकम १ करोड ९४ लाख २८ हजार मात्र प्राप्त भएको छ, जुन ४५ % मात्र आम्दानी हो।

५ गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण कार्य समेत सम्पन्न भईसकेको र प्रारम्भिक प्रतिवेदन समेत जारी भईसकेको छ।गाउँपालिका स्थापना देखि हालसम्म आइपुग्दा यस घरपझोङ गाउँपालिकाको कुल बेरुजु रकम भने बढी रहेको अवस्था छ।कुल लगती बेरुजु घटाउनका लागि सार्वजनिक लेखा समितिको बैठक बसी गत आ.व२०७९/८०मा अनियमित भनी औंल्याइएको बेरुजु रकम रु.१,२८,२६,१५२।- नियमित गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोधका लागि निर्णय गर्न समेत लेखा समितिको बैठकबाट सभामा पेश गर्ने निर्णय भएको छ।

**सुझावहरुः-**

संघीय सरकारले वित्तिय समानिकरणको अनुदान रकम घटाउँदै लगेको अवस्था छ।गाउँपालिकाले विनियोजन गरी कार्यान्वयन गर्दै गरेका योजनाहरु प्रभावित नहुने गरी बजेट सुनिश्चित गर्नुपर्ने हुन्छ।

आन्तरिक राजस्व वृद्धि गर्नको लागि राजस्वका थप दायराहरु पहिचान गरी प्राकृतिक श्रोततर्फका शुल्कहरु उठाउने तर्फ पनि पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

पालिकाले योजनाहरु छनौट गर्दा दिगो विकासलाई ध्यान दिँदै प्रतिफल दिने र आर्थिक विकासलाई सहयोग पुग्ने खालका योजनाहरु छनौट गर्नुपर्ने देखिन्छ।

**कार्यसूची ४ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले न्यायिक समितिका संयोजक एवंम् उपाध्यक्ष श्री जमुना थापा मगरले न्यायिक समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

१) यस गाउँपालिका ४ नं. वडा बस्ने हृदय प्रसाद श्रेष्ठले लेनदेनको विवाद समाधानको लागि निवेदन पेश गरेकोमा मिति २०८०।५।७ गते दुवै पक्षलाई सहभागी गराई न्यायिक समितिका सदस्यहरुको रोहवरमा विस्तृत रुपमा छलफल गरी दुवै पक्षका बिचमा भद्र सहमति भएको छ ।

२) यस गाउँपालिका २ नं. वडा बस्ने श्री गोपाल गौचनको अनुरोध बमोजिम मिति २०८०।७।१७ गते यस न्यायिक समितिका सदस्यहरुको उपस्थितिमा छलफल हुँदा निजको चाहना बमोजिम २ नं. वडा मार्फामा रहेको कित्ता नं. १६५ र २६६ को जग्गा आफ्नो सोहोदर

दाई श्री शेष गौचनको नाममा नामसारी गर्ने र निज दाईले उक्त जग्गा अन्य व्यक्तिलाई बेच बिखन गर्न नपाउने तर आफ्नो छोरा/छोरीलाई अशंबण्डा गर्न सक्ने व्यहोराको तमसुक गरिएको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।

**कार्यसूची ५ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समितिका संयोजक श्री याम प्रसाद थकालीले आर्थिक विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

क) पशुपन्छी विकास शाखा अन्तर्गतका  कार्यक्रमहरु

| क.स. | कार्यक्रम/योजनाको नाम | प्रगती | कैफियत |
|---|---|---|---|
| १ | मिनिरल मिक्चर खरिद तथा वितण | प्रकृया अगाडी बढी रहेको | |
| २ | औषधी खरिद तथा वितरण | ,, | |
| ३ | आन्तरिक तथा बाह्यपरजीवी नियन्त्रण | ,, | |

ख) कृषि विकास शाखा

| क.स. | कार्यक्रम/योजनाको नाम | प्रगती प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | स्याउको कार्टुन ५ के.जी. ७५% अनुदान | १०० | |
| २ | मार्फा चौडा पाते रायो सागको बिउँ वितरण | ९०.६१ | |
| ३ | ATSO(खनिज तेल) ५०% अनुदान | ९९.८५ | |
| ४ | Refractometer खरिद | ९७.९३ | |
| ५ | गत असोज महिनामा कृषि तथा पर्यटन महोत्सव भव्य र सभ्य रुपमा सम्पन्न भएको | १०० | |

ग) सहकारी तथा गरीवी निवारण एवम वितिय क्षेत्र

| क.स. | कार्यक्रम/योजनाको नाम | प्रगती प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | सहकारी संस्थाहरुलाई COPOMIS प्रणाली संचालन गर्ने तालिम कार्यक्रम सम्पन्न भएको | १०० | |

घ) लघु उद्यम शाखा अन्तर्गत योजना तथा कार्यक्रम

| क.सं. | कार्यक्रम/योजनाको नाम | प्रगति | कैफियत |
|---|---|---|---|
| १ | स्याउका परिकार बनाउने उद्यमीहरुलाई क्याण्डी, माडा सुकाउने  सोलार ड्रायर वितरण (गा.पा. ८०% लाभग्राहीबाट | सम्पन्न | |

| | | | |
|---|---|---|---|
| | २०% साझेदारी) | | |
| २ | छैरो सिंचाई कुलो निर्माण | काम भैरहेको | |
| ३ | स्याङ खेतको बरीपरी तार जाली लगाउने | काम भैरहेको | |
| ४ | प्राङगारिक मल अनुदान कार्यक्रम | काम भैरहेको | |
| ५ | जोमसोम खेतबारी भित्र सिंचाई कुलो स्तरोन्नती | सम्पन्न | |
| ६ | थकाली म्यूजियमलाई संचालन गर्ने योजना, ठिनी | सम्पन्न | |
| ७ | सल्ला रुखबाट कृषि सडकको अधुरो काम सम्पन्न गर्ने | सम्पन्न | |
| ८ | स्कुलको कोठामा जस्ता छाउने योजना ढुम्बा | सम्पन्न | |

हाल सम्मको प्रगती - ६०%

**समस्या :**

१. कृषि तथा पशुपन्छी विकास तर्फका कार्यक्रमहरु खरिद तथा वितरण मुखी हुने गरेकोले नतिजामुखी, रोजगारमूलक नहुँदा आय आर्जन र दिगो विकासमा ठोस टेवा पुग्न नसकेको ।

२. सामुहिक कार्यक्रम तथा खेती प्रणालीमा कृषकहरुको सक्रियता र चासो कम रहेको ।

३. आर्थिक विकास समितिसँग सम्बन्धित धेरैजसो कार्यक्रमहरु निर्माण सँग सम्बन्धित रहँदा स्वरोजगारी सिर्जना र आय आर्जनका कार्यक्रमहरु ओझेलमा परेको । साथै कृषि र पशु पन्छी विकासमा विनियोजित बजेट न्यून रहेको ।

४. कृषकको माग बमोजिम कृषि सामाग्री तथा औषधी वितरणमा बजेट कम रहेको ।

६. संघ र प्रदेशबाट आउने कार्यक्रमहरुको कार्यविधि समयमा नआउदा कार्यक्रम सञ्चालनमा ढिलाई हुने गरेको ।

**सुझाव :**

- कार्यक्रमहरु छनौट गर्दा नतिजामुखी,रोजगार मूलक, आय आर्जन र दिगो विकास मा जोड दिनु पर्ने।
- विकास निमार्णको मात्र नभई उत्पादन तथा सेवामूलक कार्यक्रमहरुको समेत अनुगमन हुनुपर्ने ।
- सामुहिक रुपमा हुने कार्यक्रममा जोड दिनुपर्ने ।
- वडा स्तरीय योजना तर्जुमा गर्दा विकास निर्माण तर्फका योजनामा मात्र नभई नतिजामुखी र बढी आय आर्जन हुने किसिमका योजना छनौटमा जोड दिनुपर्ने ।

- मागमा आधारित कार्यक्रम संचालन गर्दा अनुदानको प्रतिशत घटाउदै लैजान र वितरण परिमाण बढाउदै लैजान उपयुक्त हुने ।

**कार्यसूची ६ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले पूर्वाधार विकास समितिका संयोजक श्री फलेन्द्र प्रसाद थकालीले पूर्वाधार विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो। उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ।

**देहाय :**

चालु आ.व. २०८०/८१ मा विभिन्न अन्य विषयगत समिति तर्फका ९ वटा योजना रहेकोमा ७ वटा योजना सम्पन्न भई भुक्तानी भएको छ । पर्वाधार विकास तर्फ यस आ.ब.मा स्वीकृत भएका ५९ वटा योजनाहरु मध्ये हाल सम्म ३० वटा योजना सम्पन्न भई भुक्तानी भएको छ । पाँचलाख सम्मका योजनाहरु मङसिर मसान्त भित्र सम्पन्न गर्ने निर्णय भए अनुसार यो प्रगति प्राप्त गर्न सफल भएका छौं । योजना तथा कार्यक्रमहरु जाडो पछि फागुन तथा चैत्र महिनामा सम्झौता गर्ने र निर्माणका काम गर्ने प्रवृत्तिमा सुधार भएको छ ।

**सवल पक्षः-**

१. चालु आ.व. मा ५ लाख भन्दा कमको योजना मङसिर मसान्त भित्र नै सक्न पर्ने र ५ लाख भन्दा माथिको योजनाको लागि २०८१ जेष्ठ मसान्त सम्म सम्पन्न गर्ने गरी कार्य अगाडि बढेको र यसबाट योजना तथा कार्यक्रम समयबद्ध प्रक्रियामा अगाडी बढेको र समयमानै सम्पन्न हुने देखिन्छ ।

**योजना कार्यान्वयनमा समस्याहरुः-**

१. हिउँदमा जाडो हुने र बर्खामा बाटो बन्द हुने कारणले सबै मौसममा काम गर्न समस्या रहेको ।
२. टुक्रे योजनाहरु धेरै हुने र उक्त योजनाहरुको खासै दिगोपना र प्रतिफल पनि नदेखिने ।
३. उपोभोक्ता समितिबाट पनि आफै काम नगरि ठेक्का मार्फत काम गर्ने प्रवृत्ति रहेको ।
४. योजना सम्पन्न पश्चात सम्बन्धित योजनाका विल भर्पाई, र अन्य भुक्तानीका कागजातहरु पेश हुन नसक्दा भुक्तानीमा समस्या भएको ।
५. योजना सम्पन्न पछी सम्बन्धीत योजनाका उपोभोक्ता समितिमा अपनत्वको भावना सिर्जना हुन नसकेको ।

६. समय समयमा कार्यालयको अनुगमन समिति, वडा स्तरिय अनुगमन समिति र विषयगत समितिको संयुक्त अनुगमन हुनुपर्नेमा योजना सम्पन्न पश्चात मात्र अनुगमन हुने गरेको ।

**सुझाव :**

१. बस्ती स्तरका योजनाहरु छनौट गर्दा टुक्रे योजना भन्दा दिगो, आर्थिक विकासलाई जोड दिने । प्रतिफल दिने र ठुला योजनाहरु छनौट गर्नुपर्ने ।

२. वडा समितिले निर्माणको काममा अलि बढी चासो बढाउनु पर्ने । उपभोक्ता समितिबाट ठेक्का लगाउने प्रवृत्तिलाई रोक्नु पर्ने ।

३. योजना सम्पन्न पश्चात सम्बन्धित योजनाका विल भर्पाई र अन्य भुक्तानीका कागजातहरु पुर्ण रुपमा कार्यालयमा पेश नहुने समस्यालाई समाधान गर्न उपभोक्ता समिति तथा वडा समितिलाई संयुक्त अभिमुखीकरण तालिम प्रदान गर्नुपर्ने ।

४. उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोगकर्ताहरु जसले योजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्दछन् । उनीहरुबाट समिति गठन हुनुपर्ने जसले गर्दा योजना सम्पन्न पछी सम्बन्धीत योजनाका उपोभोक्ता समितिका पदाधीकारी र सदस्यहरु जिम्मेवार हुनुहुनेछ ।

५. कार्यालयको अनुगमन समिति, वडा स्तरिय अनुगमन समिति र विषयगत समितिको संयुक्त अनुगमन समय समयमा हुनुपर्ने।

६. सञ्चालन हुने योजनाहरुको कार्य सुरु हुनु भन्दा अघि र कार्य सम्पन्न पश्चातको फोटो अनिवार्य रुपमा भुक्तनीको बेलामा पेश हुनु उपयुक्त हुन्छ।

७. तिन लाख भन्दा माथीको निर्माणको योजनाहरुको हकमा अनिवार्यरुपमा ईष्टिमेट मै सुचना पाटीको बजेट समावेश गरि सुचना पाटी अनिवार्य गराउनु पर्ने।

**कार्यसूची ७ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले सामाजिक विकास समितिका संयोजक श्री मन बहादुर हिराचनले सामाजिक विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

१ स्वास्थ्य तर्फ २ वटा स्वास्थ्य चौकी र २ वटा आधारभुत स्वास्थ्य केन्द्रमार्फत आम नागरिकहरुलाई नियमित स्वास्थ्य सेवा प्रदान गरिरहेका छौं, नियमित खोप कार्यक्रम अन्तर्गत बि.सि.जि. खोप, डि.पि.टि खोप, दादुरा रुवेला खोप लगायतका खोपहरु लगाउने कार्यक्रमको प्रगति करिब ७५% ले सम्पन्न भएको देखिन्छ, जुन अवस्था सन्तोषजनक हो। मातृशिशु तथा

नवशिशु कार्यक्रम अन्तर्गत हालसम्म संस्थागत सुत्केरी करिब ४०% देखिएको हुँदा जनसंख्याको आधारमा यसलाई पनि सन्तोषजनक मान्न सकिन्छ। पुर्ण संस्थागत तथा सुनौला हजार दिन कार्यक्रम मार्फत सम्वन्धित सेवा ग्राहीले सेवा लिईरहेका छन। मार्फा स्वास्थ्य चौकीबाट २४ घण्टे स्वास्थ्य सेवा तथा ल्याव सेवा नियमित प्रवाह भैरहेको छ। विगत आर्थिक वर्षहरुमा जस्तै यस वर्ष पनि जिल्ला अस्पताल मुस्ताङ बाट सेवा प्रदान गर्न फार्मेसि सहायक कर्मचारी खटाइएको छ, त्यस्तै दन्त चिकित्सकको लागि आधारभुत तलबको व्यवस्था समेत पालिकाले गर्दै आएको व्यहोरा जानकारी गराउँदछु।

२ स्वास्थ्य बीमा कार्यक्रम तथा स्वास्थ्य शीबिर कार्यक्रम नियमित हुने क्रममा रहेको छ, स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन निशुल्क औषधीको अभाव नहुने गरी औषधीको व्यवस्था गरिएको छ, जसले गर्दा लक्षित वर्गले घर आगनमै सहज स्वास्थ्य सेवाको पहुँच पुग्ने छ र जनताको नजिकको सरकारको अनुभुती नागरिकले गर्नेछन भन्ने मैले विस्वास लिएको छु।

३ समुदायिक विद्यालय ८ वटा संस्थागत २ वटा र सामुदायिक अध्ययन केन्द्र १ वटा रहेको यस घरपझोङ गाउँपालिका भित्र जनहित माध्यमिक विद्यालय बाट प्राविधीक धारतर्फको सिभिल इन्जिनियरिङ तर्फका १३ जना विद्यार्थीहरु हाल OJT कार्यक्रम पनि सम्पन्न गरिसकेका छन।दुर्गम हिमाली जिल्लाको यस पालिका बाटै प्राविधीक जनशक्ति उत्पादन हुनु पालिकाको गौरवको विषय हो।

विद्यालयको विभिन्न पक्षहरुको अनुगमनको लागि सामाजिक विकास समिति तथा अनुगमन समिति र कर्मचारीहरुको संयुक्त टोलीले नियमित अनुगमन गरी विद्यालयको शैक्षिक गुणस्तर तथा विविध पक्षको सुधारका लागि सुझाव एवम् निर्देशन दिँदै आएका छौ, यसबाट विद्यालयको शैक्षिक एवम व्यवस्थापकीय पक्ष सुधार हुनेमा म विस्वास लिएको छु।

विगत आर्थिक वर्षहरुमा जस्तै यो वर्षको शैक्षिक सत्रमा राज्यभर एकै प्रणाली लागु भएकोले यस हिमाली जिल्ला मुस्ताङलाई निकै प्रभाव परेको र विद्यार्थीहरुका अभिभावक तथा अन्य सरोकारवालाहरु संग पालिकाले पटक पटक छलफल गरी विगतका वर्षहररमा जस्तै शैक्षिक सत्र बनाउन माननिय सहितको टोलीले प्रतिनिधी सभाको शिक्षा स्वास्थ्य तथा सुचना प्रविधी समितिमा अनुरोध गरिएको छ, यस बाट पक्कै पनि आगामी शैक्षिक सत्र विगतका वर्षको जस्तै हुनेछ भन्ने आशा लिएको छु।

जेष्ठ नागरिकहरुले समाजमा पुर्याएको योगदानको कदर गर्दै चालु आर्थिक वर्षमा गाउँपालिका भित्रका जेष्ठ नागरिक (महिला) हरुलाई धार्मिक अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरेको छ।

यस पालिका बाट संचालित कानूनी सचेतना कार्यक्रम मार्फत नागरिकहरुमा कानून सम्वन्धी ज्ञान प्राप्त भएको र हिंसात्मक गतिविधी न्यूनिकरण हुने अनुमान छ। यस पालिका अन्तर्गत वडा नं.३ र ४ मा रहेका होटल तथा अन्य उद्योगहरुमा बालश्रमिक रहे नरहेको अनुगमन पालिकाले गरेको छ। विगतको तुलनामा बालश्रमिकहरु घट्दै गएको देखिन्छ।

जेष्ठ नागरिक परिचय पत्र , अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम र सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम नियमित भैरहेका छन।

पालिका मार्फत संचालन हुँदै आएका विभिन्न सचेतनामुलक कार्यक्रमहरुको कारणले समाजमा नागरिक चेतनामा वृद्वि भई सामाजिक सद्भाव कायम भएको मैले माहशुस गरेको छु।

सामाजिक विकास तर्फका कार्यक्रमहरु तर्जुमा गर्दा भौतिक प्रगति नदेखिने, तत्काल नतिजा नआउने तर दीर्घकालिन रुपमा सामाजिक विकास कार्यको लागि सहयोग पुग्ने  हुँदा थप कार्यक्रम तथा बजेट व्यवस्था गरी आम नागरिक हरु समक्ष पुग्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने सुझाव समेत म व्यक्त गर्न चाहान्छु।

**कार्यसूची ८ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री आस बहादुर थकालीले वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

१ चालु आर्थिक वर्षको सुरुवात संगै यस घरपझोङ गाउँपालिकाले आयोजना गरेको कृषि तथा फलफुल महोत्सवको अवसरमा गण्डकी प्रदेशका माननिय मुख्यमन्त्रिबाट उदघाटन भई स्थानीय आपतकालिन सेवा केन्द्र चालु अवस्थामा छ, वातावरण तथा विपदको क्षेत्रमा यो एउटा महत्वपूर्ण उपलब्धी हो।

चालु आ.व. का कार्यक्रमहरु अन्तर्गत पहिरो नियन्त्रण कार्य, नदि कटान न्यूनिकरणको लागि तारजाली लगाउने जस्ता वातावरण तथा विपद् व्यवस्थापन समिति अन्तर्गतका कार्यक्रमहरु जम्मा ११ वटा रहेकोमा हालसम्म ७ वटा कार्यक्रम सम्पन्न भैसकेका छन्।

सम्वावित विपद् न्यूनिकरणको लागि ठुला योजना अन्तर्गत वडा नं. ५ ठिनीमा ठिनी खोल्सी नियन्त्रण योजनाको काम अगाडी बढीरहेको छ।

२ हालसालै पश्चिम रुकुम र जाजरकोटमा गएको विनाशकारी भुकम्पबाट प्रभावित नागरिकहरुलाई राहत को लागि यस घरपझोङ गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरु र कर्मचारीहरुको पारिश्रमिक बाट रकम कट्टि गरी १ लाख ७६ हजार पाँच सय रुपैयाँ र कार्यालयको तर्फबाट २ लाख गरी जम्मा रकम ३ लाख ७६ हजार पाँच सय रुपैयाँ प्रधानमन्त्रि राहत तथा उद्धार कोष मार्फत पठाइएको व्यहोरा म यस सभामा जानकारी गराउँदछु।

३ गत साउन महिनामा हाम्रो छिमेकि पालिका वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कागवेनीमा आएको विनाशकारी बाढी बाट निकै क्षती व्यहोर्न पुगेको कागवेनी गाउँमा यस गाउँपालिका अन्तर्गत सबै गाउँ समाज बाट नागरिकहरु, यसै कार्यालयका तथा जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारीहरु जनश्रमदान गर्न कागबेनी गएको तथा यस पालिकाको तर्फबाट पनि ५ लाख रुपैयाँ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कार्यालयलाई कागबेनी बस्ती पुनस्थापना गर्न राहत उपलब्ध गराएको व्यहोरा स्मरण गराउँदै यस सम्मानित सभा मार्फत स्वत स्फुर्त रुपमा जनश्रमदान गर्ने र आर्थिक सहयोग गर्ने सम्पुर्णमा धन्यवाद ज्ञापन गर्न चाहान्छु।

४ गाउँपालिकाले विपद व्यवस्थापन समिति गठन गरी, विपद् तथा आकस्मिक अवस्थामा खर्च गर्ने रकमको लागि आकस्मिक कोष र विपद व्यवस्थापन कोष समेत स्थापना गरेको छ, गत आर्थिक वर्षमा विपद् परेको बेलामा प्रयोग हुने केही सामाग्रीहरु समेत खरिद गरी वडा कार्यालयहरुमा राखिएको छ, यो विपद व्यवस्थापनको यो एउटा पुर्वतयारी समेत हो, मैले यसलाई सबल पक्षको रुपमा मैले लिएको छु।

**समस्याहरु**

योजनाहरु छनौट गर्दा सम्भावित जोखिमलाई समेत ध्यान दिने नगरिएको हुनाले जोखिम बढेको छ।

निशेधित क्षेत्र तथा कानूनी बाधाका कारण मुख्य समस्या र चुनौतीका रुपमा कालिगण्डकी नदि र तटिय क्षेत्र रहेको छ।

सम्भावित जोखिम र क्षेत्रहरु हुँदा हुँदै पनि पूर्वतयारीमा सरोकारवालाहरुको चासो कम नै हुने गरेको।

**समस्या समाधानको लागि केहि सुझाबहरुः**

कुनै पनि योजनाहरु छनौट गर्दा निर्माणको क्रममा वा सम्पन्न पश्चात पनि हुन सक्ने जोखिमलाई ध्यान दिनुपर्ने देखिन्छ।

नदि र तटिय क्षेत्रमा जोखिम बढेको कारणले गर्दा कनूनी पक्षलाई सहज बनाउने तर्फ सरोकारवालाहरु सबै लाग्नुपर्ने देखिन्छ।

पालिकाले विपदको क्षेत्रमा खर्च गर्ने कोषहरुको पनि मापदण्ड वा कार्यविधी बनाई खर्चको परिपाटीलाई कानून सम्मत बनाउन पालिकाले ध्यान दिनुपर्ने हुन्छ।

**कार्यसूची ९ बमोजिमको निर्णय :-**

सभाका सभाध्यक्षज्यूको अनुमतिले सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री प्रदिप थकालीले सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो। उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ।

**देहाय :**

१) चालु आ.ब. २०८०।८१ मा यस समिति तर्फ स्वीकृत कार्यक्रमहरुको हाल सम्मको प्रगति तपसिल बमोजिम रहेको छ।

तपसिल :-

| सि.नं. | योजनाको नाम | कार्यान्वयन स्थान | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय कम्पाउण्डवाल निर्माण | १ नं. वडा कार्यालय, छैरो | रु.७,१२,७५७।३३ | कार्यान्वयनमा रहेको |
| २ | ५ नं. वडा कार्यालय कम्पाउण्डवाल निर्माण | ५ नं. वडा कार्यालय, ठिनी | रु.७,७१,६२८।३५ | कार्यान्वयनमा रहेको |
| ३ | मार्फा सम्ते छ्योलिङ गुम्बाका लामा विद्यार्थीलाई स्टेशनरी वितरण कार्यक्रम | मार्फा | रु.५०,०००।- | सम्पन्न |
| ४ | मार्फा आमा समूहलाई शौचालय तथा सरसफाई व्यवस्थापन | मार्फा | रु.२,००,०००।- | सम्पन्न |
| ५ | मार्फा हेल्थ पोष्टको गेट मर्मत/फिट्रि | मार्फा | रु.५०,०००।- | सम्पन्न |
| ६ | गाउँपालिकाको पार्श्वचित्र तयार गर्ने | गा.पा. | रु.३,००,०००।- | कार्यान्वयनमा रहेको |
| ७ | बार्षिक समिक्षा गोष्ठी सञ्चालन | गा.पा. | रु.१,५०,०००।- | सम्पन्न |
| ८ | बार्षिक प्रगति प्रतिवेदन प्रकाशन | गा.पा. | रु.१,५०,०००।- | कानून छपाई तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | वितरणमा संशोधन प्रस्ताव गरिएको |
| ९ | जेष्ठ नागरिक अवलोकन भ्रमण | गा.पा. | रु.१६,८७,५८१।- | सम्पन्न |

२) राजश्व तथा श्रोत परिचालन तर्फ चालु आ.ब. मा गाउँपालिकाले राजश्व संकलनको प्रक्षेपण रु.९०,१०,०००।- गरेकोमा हाल सम्म रु.३१,४२,९०८।३८ संकलन भएको जानकारी गराउन चाहन्छु ।

३) यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाका सम्बन्धमा कुनै किसिमका गुनासो र उजुरी नपरेको ।

४) गाउँपालिकाको स्वीकृत कुल कर्मचारी दरबन्दी ४९ जना मध्ये विभिन्न तहका २२ जना कर्मचारीहरु मात्र कार्यरत रहेका छन् । साथै विभिन्न तहका ९ जना कर्मचारीहरुको पदपुर्तिको लागि गण्डकी प्रदेश लोक सेवा आयोगमा अनुरोध भएको छ ।

५) विभिन्न योजना/परियोजना र कार्यालय सहयोगी गरी जम्मा १६ जना करारमा रहेका र गण्डकी प्रदेश सरकारबाट व्यवस्थापन ३ जना स्वयम् सेवकहरु कार्यरत रहेको अनुरोध गर्न चाहन्छु ।

**समस्याहरु तथा समाधानका उपायहरु :-**

१) **राजश्व व्यवस्थापन तर्फ :** गाउँपालिकाको नियमित संकलन हुने राजश्वको आम्दानीका श्रोतहरुको अभिलेखिकरण गर्नु पर्ने देखिन्छ ।

३) विभिन्न श्रोतहरुको पहिचान गरी करको दायरामा विस्तार गर्नुपर्ने देखिन्छ ।

४) **सेवा प्रवाह तर्फ :** दरबन्दी अनुसार धेरै पदहरु रिक्त रहेकोले कर्मचारीहरुको पदपुर्ति नहुन्जेल सम्मका लागि कामको बाँडफाँड गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

## <u>कार्यसूची १० बमोजिमको निर्णय :-</u>

सभाका सभाध्यक्षज्यूको अनुमतिले अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक एवंम् उपाध्यक्ष श्री जमुना थापा मगरले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो । उक्त प्रतिवेदनको व्यहोरा देहाय बमोजिम छ ।

**देहाय :**

चालु आ.व. का स्वीकृत जम्मा ५९ वटा योजनाहरु मध्य हालसम्म ३० वटा योजनाहरुको अनुगमन सम्पन्न भइ भुक्तानी भइसकेका छन् । योजनाहरुको सुरुवाती सर्भे चरण देखिनै

अनुगमन तथा सुपिरवेक्षण समिति लगायत विभिन्न सरेकारवालाहरुबाट नियमित रुपमा अनुगमन भईरहेको यस गरिमामय सभालाई जानकारी गराउन चाहन्छु ।

योजना कार्यान्वयनको विभिन्न चरणमा आवश्यकता अनुसार अनुगमन गरि निर्देशन दिने र योजना सम्पन्न भए पश्चात समितिबाट अनुगमन गर्दा सन्तोषजनक देखिएमा मात्र अन्तिम भुक्तानीका लागि कार्यालयमा सिफारिस गर्ने गरिएको छ । चालु आ.व. २०८०/८१ को योजना तथा कार्यक्रमहरुको हाल सम्मको प्रगति समिक्षा गर्दा सन्तोषजनक रहेको छ ।

गाउँ कार्यपालिकाको निर्णय बमोजिम ५ लाख सम्मको योजनाहरु मङसिर मसान्त भित्रै सम्पन्न भएक छन् । जसमा ३० वटा योजनाहरु सम्पन्न भई एक करोड उन्नचालिस लाख छब्बिस हजार तिन सय एक सट्ठी रुपैया मात्र) भुक्तानी भएको छ । जस अनुसार कुल स्वीकृत योजनाको २३.११ प्रतिशत वित्तिय प्रगति र करिब चालिस प्रतिशत भौतिक प्रगति भएको छ ।गाउँपालिकाले लिएको नीति बमोजिम यो प्रगति सन्तोषजनकनै छ । ५ लाख भन्दा बढीका योजनाहरु समेत धेरैजसो सम्झौता भई कार्यान्वयनको चरणमा रहेका र ती योजनाहरुको कार्यप्रगतिको समेत अनुगमन भईरहेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु र

**समस्याहरुः-**

१. दक्ष तथा प्राविधिक ज्ञान र सीपको आवश्यकता पर्ने खालका योजनाहरुको कार्यान्वयन उपभोक्ता समितिहरुबाट हुँदा त्यस्ता योजना तथा कार्यक्रमहरुको गुणस्तर कायम गर्न कठिनाई हुने गरेको ।
२. कृषि तथा पशुपन्छी विकास तर्फका कार्यक्रमहरु तथा पकेट विकास अन्तर्गतका कार्यक्रमहरु बढी अनुदानमुखी हुँदा कृषि तथा पशुपन्छी विकासमा ठोस प्रगति देखिन नसकेको ।
३. टुक्रे तथा स-साना योजनाहरु धेरै हुँदा दिगो र प्रतिफलमुखी विकासका योजनाहरु कम रहेको ।

**समाधानका उपायहरु**

१. स्थानीय स्तरमा उपलब्ध हुने श्रोत तथा स्थानीय जनताको बढी भन्दा बढी सहभागिता हुने खालका योजना तथा कार्यक्रमहरु उपभोक्ता समितहरु मार्फत गर्ने र दक्ष सिप तथा जनशक्ति अवश्यक पर्ने खालका योजना तथा कार्यक्रमहरु टेन्डर मार्फत गर्दा उपयुक्त हुने ।
२. कृषि तथा पशुपन्छी विकास तर्फका कार्यक्रमहरु स-साना कृषक तथा गरिब र सिमान्तकृत नागरिकको आय आर्जनसँग जोडेर निर्माण र सञ्चालन गर्नुपर्ने।

३. योजना छनौट गर्दा टुक्रे, साना योजनाहरु छनौट नगरी दिगो प्रतिफल दिने खालका योजना हरुको छनौटमा जोड दिनुपर्ने

४. योजना तथा कार्यक्रम सञ्चालन हुने वडाहरुमा वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको भुमिकालाई अझै सशक्त र प्रभावकारी बनाई नियमित रुपमा योजना तथा कार्यक्रमको अनुगमन गर्ने कार्यलाई तिब्रता दिनुपर्ने ।

गाउँसभाका सभाध्यक्षज्यूबाट प्रस्तुत भएका लेखा समिति, न्यायिक समिति, आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थान समिति, सुशासन तथा संस्थागत विकास समिति र अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन बमोजिम यथाशाक्य सेवा प्रवाह र विकास निर्माणमा थप चुस्तता ल्याउन र प्रस्तुत समस्या तथा सुझावहरुलाई मध्यनजर गरी आगामी दिनमा कार्यक्रम अगाडी बढाउने तर्फ पहल गर्न कार्यपालिकालाई निर्देशन दिनु भयो।

**कार्यसूची ११ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले पूर्वाधार विकास समितिका संयोजक श्री फलेन्द्र प्रसाद थकालीले "घरपझोङ गाउँपालिकामा रहेका पुराना भवनहरुको अभिलेखीकरण म्याद थप" सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

१) **प्रस्तावको नामः** "घरपझोङ गाउँपालिकामा रहेका पुराना भवनहरुको अभिलेखीकरण म्याद थप" सम्बन्धी प्रस्ताव।

२) **प्रस्तावको राख्नुपर्ने कारणः**

घरपझोङ गाउँ कार्यपालिकाले "घरपझोङ गाउँपालिकामा रहेका पुराना भवनहरुको व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७" जारी गरी मिति २०७८ असार मसान्तसम्म घर नक्सा अभिलेखीकरण प्रक्रिया सूचारु गरेको र तत्पश्चात उक्त कार्य स्थगित भएकोमा नागरिकहरुको माग बमोजिम पुनः एक पटकलाई अभिलेखीकरण प्रक्रिया अगाडी बढाउन वाञ्छनीय भएकोले।

३) **प्रस्ताववाट गर्न खोजिएको व्यवस्थाः**

घरपझोङ गाउँपालिका भित्र निर्माण भएका घर तथा भवनहरुको अभिलेखीकरण गर्ने उद्देश्यका साथ यस गाउँपालिका भित्र यस अघि भवन संहिता, २०७२ लागू हुनु पुर्व निर्मित घर तथा भवनहरु र भवन संहिता, २०७२ लागू भए पश्चात तत्कालिन प्रचलित कानून बमोजिम नक्सा

पास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृत वगेर हेरफेर गरी वा मापदण्ड विपरित बनाइएका घर तथा भवनहरुको अभिलेखीकरण गर्ने प्रयोजनका लागि तयार भएको घरपझोङ गाउँपालिकामा रहेका पुराना घर तथा भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७ बमोजिम पुनः मिति २०८१ असोज मसान्तसम्म म्याद कायम रहनेगरी अभिलेखीकरण कार्यका लागि सूचना प्रकाशन गरी अभिलेखीकरणको कार्य अगाडी बढाउने।

**४) प्रस्तावबाट प्राप्त हुने प्रतिफलः**

- नागरिकहरुको गुनासो सम्बोधन हुने।
- आन्तरिक राजश्व संकलनमा अभिवृद्धि हुने।
- वस्ती विकास योजना निर्माणमा सहयोग पुग्ने।

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री राजु प्रसाद लालचनले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १२ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले सार्वजनिक लेखा समितिका संयोजक श्री कृष्ण प्रसाद थकालीले आ.ब. २०७९।८० को नियमित गर्नुपर्ने बेरुजु फछ्र्यौट सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

१) **प्रस्तावको नामः** आ.व. २०७९/८० को नियमित गर्नुपर्ने बेरुजु फछ्र्यौट सम्बन्धी प्रस्ताव।

२) **प्रस्तावको कारणः** सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको अभिन्न अङ्गको रुपमा रहेको आर्थिक क्रियाकलापले नागरिकको विश्वास बढाउने आधार तयार गर्दछ। स्वच्छ, स्वस्थ, निष्पक्ष, पारदर्शी, सबल र नतिजामूलक आर्थिक कार्य प्रणाली नै सुशासन कायम गर्ने आधार हुन्। बेरुजु कायम हुनेगरी गरिने आर्थिक क्रियाकलापले पक्कै पनि राम्रो सन्देश दिदैन। तर हाम्रा कतिपय प्राविधिक तथा व्यवहारिक कठिनाइले गर्दा कहीं कतै सार्वजनिक खरिद विधि र प्रक्रियाको पूर्ण पालना नहुँदा महालेखा परीक्षकबाट नियमित गर्नुपर्ने भनी बेरुजु औंल्याएको अवस्था छ। यस किसिमका बेरुजुमा विनियोजित बजेट बमोजिम कार्य प्रगति भएको हुन्छ र सरकारी हानी नोक्सानी समेत हुँदैन । तसर्थ स्थानीय सरकारको

गाउँसभालाई प्राप्त अधिकार बमोजिम यस्ता किसिमका बेरुजुलाई नियमित गरी फछ्र्यौट गर्नुपर्ने वाञ्छनीय भएकोले प्रस्ताव पेश गरिएको व्यहोरा अनुरोध छ।

**३) प्रस्तावको व्यहोराः**

सभाध्यक्ष महोदय, मिति २०८० फागुन १९ गते बसेको बैठकबाट पारित गरी महालेखापरीक्षकको कार्यालय, काठमाडौंबाट अन्तिम लेखापरीक्षण भई जारी गरिएको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षणको प्रतिवेदनमा औंल्याइएको कुल रु. १ करोड २८ लाख २६ हजार १५२ नियमित गर्नुपर्ने बेरुजु रकम सम्मानित सभा मार्फत नियमित गर्न प्रस्ताव पेश गर्दछु।

**४) प्रस्तावबाट प्राप्त हुने उपलब्धीः**

- गाउँपालिकाको बेरुजु आकारमा कमी आउनेछ।
- आगामी दिनहरुमा आर्थिक कार्यप्रणालीलाई नियमसंगत बनाउन सहयोग पुग्नेछ।
- बेरुजु लगत कट्टा गर्नको लागि म.ले.प. समक्ष पेश गर्ने आधार निर्माण हुनेछ।

**देहाय :**

| क्र.सं. | बेरुजुको व्यहोरा | नियमित गर्न मिल्ने आधार |
|---|---|---|
| १ | <u>आ.व.२०७९/०८० दफा ४३</u><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले लागत अनुमान तयार नगरी कृषि शाखाले तयार गरेको प्रस्तावको आधारमा कार्यपालिकाको निर्णय बमोजिम गो.भौ.नं. २६५/२०८०/०३/२२ बाट रु.१,५०,००० र १६७/२८०/०१/१२ मा रु.१,५०,००० गरी KB Sahi Fruits And Flower Nursery Firm लाई रु.३,००,००० भुक्तानी दिएको नियमसम्मत देखिएन। पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। अनियमित देखिएको रु.३,००,०००।– | कृषि उत्पादनलाई मुख्य जोड दिंदै आएको यस गाउँपालिकाले कृषि क्षेत्रमा नविनतम् प्रविधीसहितको आधुनिक कृषि प्रणालीमा जोड दिने क्रममा छ।न्यून जनसंख्या रहेको यस गाउँपालिकामा कृषि क्षेत्रको विज्ञ समेत नभएकोले, स्याउ बगैंचा व्यवस्थापन काँटछाँट गर्ने कार्य समेत वैज्ञानीक तरिकाले गर्नको लागि अनुभवी तथा विज्ञको रुपमा के.बि. शाही फलफुल तथा नर्शरी मार्फत गरिएको हो। यस कार्यक्रम बाट किसानहरुलाई थप ज्ञान प्राप्त भएको, स्याउ बगैंचा व्यवस्थापन गर्न सहज र सहि तरिका प्रयोग भएको साथै उत्पादन समेत वृद्दि भएकोले उल्लेखित कार्यक्रम संचालन गर्दा कुनै सरकारी हानी नोक्सानी समेत नभएको। |
| २ | <u>आ.व.२०७९/०८० दफा ५१- उपभोक्ता समितिमार्फत खरिदः-</u> | गाउँपालिकाले वार्षिक कार्यक्रम बनाई |

<table>
<tr>
<td></td>
<td>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट सामान खरिद गर्न सक्ने व्यवस्था रहेको देखिदैन।पालिकाले देहायका समानहरु खरिद गर्नका लागि मात्र उपभोक्ता समिति गठन गरी सोही समितिमार्फत खरिद गरी सोही समितिलाई भुक्तानी गरेको पाइयो। तसर्थ उपभोक्ता समितिमार्फत खरिद गर्न नमिल्ने अनियमित देखिएको रकम रु.१८,५७,०००।—
<table>
<tr><th>भौ.नं.</th><th>उपभोक्ता समिति</th><th>खरिद सामाग्री</th><th>कार्यक्रम सम्पन्न रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११</td><td>दलित उत्थान सामुदायिक संस्था</td><td>फर्निचर</td><td>१३६३९२</td><td>१२००००</td></tr>
<tr><td>११९</td><td>छैरो दलित भवनमा फर्निचर तथा उ.भो.स.</td><td>कुर्सि तथा टेबल खरिद</td><td>११८३९७</td><td>१०००००</td></tr>
<tr><td>१३५</td><td>मार्फा गाउँभित्र सडक बत्ति मर्मत तथा पर्यटन</td><td>सडक बत्ति, फलामको बेञ्च लगायत</td><td>१०३४९९३</td><td>८८००००</td></tr>
<tr><td>१४६</td><td>छैरो गाउँमा थ्रेसर मेसिन तथा भवन मर्मत उ.स.</td><td>थ्रेसर मेसिन १० वटा खरिद</td><td>६६००००</td><td>५६१०००</td></tr>
<tr><td>७२</td><td>मार्फा सभागृहमा फर्निचर खरिद</td><td>प्लाष्टिकको कुर्सी खरिद</td><td>२३०७५०</td><td>१९६०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१८०५३२</td><td>१८५७०००</td></tr>
</table>
अनियमित भएको रकम रु.१८,५७,०००।—
</td>
<td>आफ्ना वडाबासी तथा नागरिकहरुलाई सेवा प्रवाह/ विकास निर्माण लगायतका कार्यक्रमहरु छनौट गर्दा नागरिकको बस्तीस्तर बाट नै कार्यक्रम छनौट गर्ने गरिन्छ। फरक भुगोल तथा फरक संस्कृति र भौगोलिक रुपमा पनि छुट्टाछुट्टै बस्ति भएका कारण एउटै प्याकेज बनाई कार्यक्रम गर्न निकै कठिन समेत रहेको छ। उपभोक्ता समिति मार्फत माथी उल्लेख भएअनुसारका कार्यक्रमहरु सम्पन्न गर्दा उपभोक्ताहरुको प्रत्यक्ष संलग्नता रहने हुनाले अपनत्व महशुस गर्ने, सामाग्रीहरुको जतन हुने, प्रयोग हुने खालका मात्र सामाग्रीहरु हुने र गुणस्तरमा समेत वृद्धि हुने देखिन्छ। उपभोक्ता समितिको पनि कम्तिमा १५ % लागत व्यहोर्नुपर्ने हुनाले कार्यालयबाट हुने लागत अनुमान बमोजिमको परिमाण भन्दा बढी काम सम्पन्न हुने वा माल सामानहरु खरिद हुने हुनाले पनी बढी प्रभावकारी उपभोक्ता समितिमार्फत काम गराउँदा बढी प्रभावकारी हुने गर्दछ।उल्लेखित कामहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउँदा कुनै पनि किसिमको सरकारी हानी नोक्सानी नभई स्थानीय जनता नै बढी लाभान्वित भएको र कुनै सरकारी हानीनोक्सानी समेत नभएको।</td>
</tr>
<tr>
<td>३</td>
<td><u>आ.व.२०७९/०८० दफा-५४ कोटेशन मार्फत खरिद</u><br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले देहायका निर्माण कार्य तथा खरिद एकै प्रकृतिको भए तापनि प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गरेको पाइएन। एकै प्रकृतिको काम भएकोले खरिद ऐन बमोजिम ठेक्का प्रकृया मार्फत खरिद गर्नुपर्ने खरिद कानुन पालना वेगर कोटेशन मार्फत सोझै खरिद गरी लागत</td>
<td>एउटै प्रकृतिका कार्यहरु गर्दा साना प्याकेज बनाई एकभन्दा बढी कोटेशन मार्फत काम गरेको भन्ने सम्वन्धमा यस घरपझोङ गाउँपलिकाका केहि वडाहरु भौगोलिक रुपले विकट भएको, योजना फरक फरक समुदायमा गर्नुपर्ने तथा प्रतिकुल</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>
अनुमानकै हाराहारीमा आर्थिक वर्षको अन्त्यमा भुक्तानी भएको देखिन्छ। एकै प्रकृतिका कार्यलाई प्याकेज बनाई खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रकम रु.५५,५३,५४८।—
<table>
<tr><th>कार्यक्रम/आयोजनाको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यावसायी</th></tr>
<tr><td>विपद व्यवस्थापन कार्य संचालन भवन र फिनिसिङ कार्य तथा ३ नं. वडामा बाथरुम निर्माण, घरपझोङ ३ र ४</td><td>७९१९०४</td><td>ज्ञानी निर्माण सेवा</td></tr>
<tr><td>स्याङ आधारभुत स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर तथा इन्सिनेटर निर्माण</td><td>५४७७५४</td><td>रितिका कन्स्ट्रक्शन</td></tr>
<tr><td>बहुउद्वेश्यिय सभाहलमा किचन निर्माण</td><td>३९४९८६</td><td>कोमल कन्स्ट्रक्शन</td></tr>
<tr><td>मार्फा स्वास्थ्य चौकीमा हटरुम निर्माण तथा अन्य पूर्वाधार निर्माण कार्य</td><td>५९६४५८</td><td>कोमल कन्स्ट्रकशन</td></tr>
<tr><td>कृषि उपज केन्द्रको मर्मत कार्य</td><td>३२७८९८</td><td>रोष्नी कन्स्ट्रक्शन</td></tr>
<tr><td>नाराघाङ देखि मार्फा स्वास्थ्य चौकी सम्मको सडक मर्मत कार्य</td><td>९९६३२१</td><td>शर्मिला कन्स्ट्रक्शन</td></tr>
<tr><td>कर्मचारी आवास मर्मत कार्य</td><td>४०८३३८</td><td>रोष्नी कन्स्ट्रक्शन</td></tr>
<tr><td>नयाँ गाउँपालिका भवनमा फर्निचर निर्माण</td><td>४९८४५०</td><td>सन्त निर्माण सेवा</td></tr>
<tr><td>जोमसोम बजार देखि जि.प्र.का हुँदै एयरपोर्ट सम्म सिसिटिभी जडान कार्य</td><td>९९१३४९</td><td>टिपि लिङ्क ट्रेडर्स न्युरोड</td></tr>
</table>
</td>
<td>मौसमका कारण सबै समयमा काम गर्न नसकिने बाध्यता रहेको छ। विनियोजित बजेट बाट छिटो काम सम्पन्न गर्नुपर्ने हुनाले पनि कोटेशन विधी प्रयोग गर्नु सहज हुनाले तेसो गरिएको हो, साथै पालिका बाट सम्पन्न भएका उल्लेखित कामहरुको बजेट प्राप्तिको तरिका र श्रोत समेत फरक फरक हुने गरेको, सबै बजेट समयमा नै फुकुवा र निकासा प्राप्त नहुने, कुनै कुनै मर्मत तथा निर्माणका कामहरु तुरुन्तै गर्नुपर्ने साथै ठेक्का प्रकृया मार्फत काम गराउँदा समयको अभाव हुने हुनाले कोटेशन विधी प्रयोग गरिएको हो, यस बाट कुनै सरकारी हानी नोक्सानी समेत नभएको।</td>
</tr>
<tr>
<td>४</td>
<td><u>आ.व.२०७९/०८० दफा-५५ सोझै खरिद</u><br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५ मा रु.२० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले पालिकाको लागि आवश्यक पर्ने फर्निचर, पर्दा तथा कार्पेट लगायतका सामानहररु लागत अनुमानमै काठमाडौंका २ वटा सप्लायर्सबाट खरिद गरि रु.२६,१९,६०४। र ढुवानी र फिटिङ खर्चवापत रु.२,७०,७५०। गरी रकम रु.२८,९०,३५४। रकम जेठमा एकै मितिमा खरिद गरी भुक्तानी दिएको नियमसम्मत</td>
<td>सोझै खरिद भन्ने सवालमा यस घरपझोङ गाउँपालिका जोमसोमको कार्यालय भवन/प्रशासनिक भवनको रुपमा साविक जोमसोम गाविसको भवन(हाल वडा नं ४को कार्यालय रहेको भवन) मा कार्यालय रहि तहाँ बाटै सेवा प्रदान गर्रिदै आएका थियौं। हालको प्रशासनीक भवन निर्माण सम्पन्न गरिसक्नुपर्ने मिति २०८० असार मसान्त पनि रहेको थियो।नयाँ प्रशासनीक भवनमा निर्माण सम्पन्न भएपश्चात पर्दा, कुर्चि टेबल कार्पेट लगायतका फर्निचर तथा फर्निसिङ</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>देखिएन। साथै २ आपुर्तकबाट जेठ महिनामा सिसिटिभि क्यामेरा र एल ई डि डिस्प्ले बोर्ड खरिदको रकम रु.२४,९६,०००। भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.५१,१५,६०४।—
<table>
<tr><th>भौचर नं./मिति</th><th>भुक्तानी रकम</th><th>आपुर्तक</th><th>खरिद सामाग्री</th></tr>
<tr><td>९२/२०८०/२/७</td><td>८६८७७७</td><td>प्याराडाईज फर्निसिङ</td><td>कार्पेट र डोरमेट</td></tr>
<tr><td>९३/२०८०/२/७</td><td>९९९९९९</td><td>फर्निचर प्यालेस</td><td>सोफा सेट, टेबल र कुर्सी</td></tr>
<tr><td>९५/२०८०/२/७</td><td>७५०८२८</td><td>प्याराडाइज फर्निसिङ</td><td>पर्दा र पर्दा फिटिङका सामान</td></tr>
<tr><td>१००/२०८०/२/२९</td><td>९६२५३४</td><td>स्काइलिङ्क टेक्नोलोजि</td><td>सिसिटिभि क्यामेरा</td></tr>
<tr><td>१०१/२०८०/०२/२९</td><td>५४२११७</td><td>स्काईलिङ्क टेक्नोलोजि</td><td>एल इ डि डिस्प्ले बोर्ड र सिसि टि भि</td></tr>
<tr><td>१०२/२०८०/२/२९</td><td>९९१३४९</td><td>टिपिलिङ्क ट्रेडर्स</td><td>सिसिटिभि क्यामेरा</td></tr>
</table>
</td>
<td>समानहरुको अन्य व्यवस्था समेत नभएको तर प्रशासनीक भवन बने लगत्तै कार्यालय तत्काल सर्नुपर्ने बाध्यता थियो। नयाँ भवनमा सबै कार्यकक्षहरुमा सिसिटिभि जडान गर्नुपर्ने समेत नयाँ थप काम भएकोले कोटेशन विधी प्रयोग गरी तुरुन्त काम सम्पन्न गर्नुपर्ने बाध्यता समेत रहेको थियो। फर्निचर र फर्निसिङका सामाग्रीहरु तत्कालै खरिद गरी फिटिङ गर्नुपर्ने साथै सिसिटिभी जडान एवम फिटिङ कार्य ठेक्का मार्फत गर्दा गुणस्तर नहुने, ढिला हुने र असल कार्यालय व्यवस्थापनको पक्षलाई समेत ध्यान दिनुपर्नेहुनाले कोटेशन विधी मार्फत उल्लेखित कार्य गरिएको हो। यस बाट सरकारी हानिनोक्सानी नभई कार्यालयमा गुणस्तरिय मालसामान प्रयोग हुनुका साथै चालु आ.व.को सुरुबाटै नयाँ प्रशासनीक भवन बाट सेवा प्रदान गर्ने अवसर समेत मिलेको छ। यस बाट कुनै पनि सरकारी हानी नोक्सानी समेत नभएको।</td>
</tr>
<tr>
<td>५</td>
<td><u>दोहोरो बेरुजु सम्वन्धमा-</u><br>आ.व.२०७९/८० को अन्तिम लेखापारीक्षण गरी महालेखापरीक्षकको कार्यालयबाट जारी भएको प्रतिवेदनको दफा-५४ को तालिकाको अन्तिम महलमा जोमसोम बजार देखि जि.प्र.का. हुँदै पुथाङ एयरपोर्ट सम्म सि.सि.टि.भी. जडान कार्य को बेरुजु रु.९,९१,३४९।— लगति भएको र सोहि रकम दफा-५५ को अन्तिम महलमा समेत लगती भएकोले दोहोरो पना भएको रकम रु.९,९१,३४९।—</td>
<td>आ.व.२०७९/८० को अन्तिम लेखापारीक्षण गरी महालेखापरीक्षकको कार्यालयबाट जारी भएको प्रतिवेदनको दफा-५४ मा र दफा-५५ मा एउटै कामको रकम दुई ठाउँमा उल्लेख भई बेरुजुको लगत दोहोरो भएको।</td>
</tr>
</table>

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री बुद्ध हिराचनले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १३ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आ.ब. २०८०।८१ को आर्थिक ऐन, २०८० मा केही संशोधन सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

**प्रस्तावः**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय राजस्व परामर्श समितिको समेत सिफारिस भएबमोजिम स्थानीय कर तथा शुल्क संकलन गर्ने, आय संकलनको प्रशासनीक व्यवस्था गर्न बनेको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले आर्थिक ऐन, २०८० को अनुसुची १, अनुसुची २ र अनुसुची ३ का केहि दफाहरुमा रहेका करका दरहरुमा थप/घट, थप पुष्ट्याई तथा करका दफा थप गरी आर्थिक ऐन,२०८० को पहिलो संशोधन गरियोस भनी यो संशोधन प्रस्ताव पेश गर्दछु।

संशोधन हुने र थप हुने अनुसुचिहरु सदस्यहरुलाई वितरण भईसकेको व्यहोरा सभाध्यक्ष ज्यू मार्फत सभालाई जानकारी गराउँछु।

**प्रस्तावबाट प्राप्त हुने उपलब्धीहरुः-**

- आन्तरिक आय वृद्धिमार्फत गाउँपालिकालाई आत्मनिर्भरता तर्फ उन्मुख गराउन सकिनेछ।
- करको दायरा विस्तार मार्फत आन्तरिक आय वृद्धि हुनेछ।
- कर संकलन व्यवस्थित भई सेवा प्रवाहमा सहजता आउनेछ।
- प्रगतिशिल कर संकलनको अवधारणा सार्थक हुनेछ।
- कर छल्ने प्रवृत्ति निरुत्साहित हुनेछ।

**देहाय :**

| चालु आ.व.२०८०र८१ को लागि कर तथा गैर करहरुका दरहरु संशोधन तथा थप गर्ने विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.न. | सिफारिसको विवरण | दफा | आ.व. ०८०।८१ को प्रस्तावित दर | आ.व. ०८०।८१ को संशोधित/नया थप दर | इकाई | कैफियत/ पुष्ट्याई |
| १ | **तमसुक प्रमाणित** | नयाँ थप | | | | |
| | तमसुक रकमको ०।५छ ले हुन आउने रकम) | नयाँ थप | | ५०० | | |
| २ | कन्सुलर प्रमाणिकरण | अनुसूची २ दफा ३४ | ५०० | | | प्रति पेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | **शिक्षक सरुवा अनुमति सिफारिस (गा.पा.बाहिरबाट आउँदा, जादा)** | अनुसूची २ दफा ५८ | १००० | | | |
| | गाउँपालिका भित्र | नयाँ थप | | १००० | | |
| | जिल्ला भित्र | नयाँ थप | | २००० | | |
| | जिल्ला बाहिर | नयाँ थप | | ३००० | | |
| ४ | शैक्षिक प्रमाणपत्र प्रतिलिपी दस्तुर (कक्षा ८) | अनुसूची २ दफा ६० | २५० | ५०० | | |
| ५ | सवै प्रकारको विलम्ब दस्तुर | अनुसूची १ दफा ८० | म्याद नाघेको रकमको १०% | | | १ वर्षको १०%, २ वर्षमा २०%, ३ वर्षमा ३०% गर्दै बढिमा १००% सम्म थप जरिवाना लाग्ने छ। |
| ६ | **प्राकृतिक श्रोत साधनको उपयोग** | | | | | |
| क. | ढुंगा, चुनढुंगा, गिट्टी, ग्राभेल, रोडा, बालुवा | नयाँ थप | | २०० | प्रति घमि | |
| ख. | कटिङ ढुंगा, स्लेट, ढस्वीकृत खानी क्षेत्र बाहेक) | नयाँ थप | | १ | प्रति गोटा | |
| ग. | छपनी सामा ढुंगा | नयाँ थप | | २०० | प्रति वमि | |
| घ. | माटो ढस्वीकृत खानी क्षेत्र बाहेक | नयाँ थप | | ५० | प्रति घमि | |
| ७ | **नदीजन्य पदार्थ** | नयाँ थप | | | | |
| क. | नदिजन्य पदार्थ प्रशोधन उद्योग दर्ता शुल्क | नयाँ थप | | ७५००० | | |
| ख. | नदीजन्य पदार्थ प्रशोधन उद्योग नवीकरण शुल्क ढवार्षिक) | नयाँ थप | | २०००० | | |
| ८ | **डोजर सञ्चालन अनुमति/सिफारिस** | | | | | |
| क. | व्याकहु लोडर | नयाँ थप | | १००० | | प्रति दिन |
| ख. | एक्साभेटर/ब्रेकर | नयाँ थप | | १५०० | | प्रति दिन |
| ९ | **नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा संकलन गरेमा (प्रति मेशिन वा साधनको)** | नयाँ थप | | | | |
| क. | मेशिन, स्काभेटर र व्याकहु लोडर | नयाँ थप | | १०००० | | |
| ख. | ट्रिपर वा ट्रक | नयाँ थप | | ५००० | | |
| ग. | मिनी ट्रक | नयाँ थप | | ३००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ. | टयाक्टर | नयाँ थप | | २००० | | |
| १० | बिना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन् वा संकलन गरेको पाईएमा | नयाँ थप | | १०००० | | |
| ११ | तोकिएको भन्दा बढी गहिराईमा उत्खनन् गरेमा | नयाँ थप | | १५००० | | |
| १२ | तोकिएको भन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | नयाँ थप | | १०००० | | |
| १३ | बिहान ६ बजे अघि र बेलुकी ६ बजे पश्चात् उत्खनन् वा संकलन कार्य गरेमा | नयाँ थप | | क्रम संख्या १० बमोजिमकै जरिवाना | | |
| १४ | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | नयाँ थप | | १०००० | | |
| १५ | निषेधित क्षेत्रमा स्रोत साधन उत्खनन् वा संकलन गरेमा | नयाँ थप | | २०००० | | |
| १६ | क्रसर उद्योगबाट निष्कासित फोहोर पानी प्रशोधन नगरि नदीमा मिसाइएमा प्रति पटक | नयाँ थप | | २००० | | |
| १७ | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा सञ्चय गरेमा | नयाँ थप | | १५००० | | |
| १८ | क्रम संख्या ९ देखि १७ सम्म कसूर दोहोऱ्याएमा | नयाँ थप | | तोकिएको रकममा २५ प्रतिशत थप दण्ड | | |
| १९ | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | नयाँ थप | | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| २० | प्रत्येक पटकको ढुवानीमा राजस्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा ढअप्रशोधित सामाग्रीका हकमा) | नयाँ थप | | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | प्रशोधित ढुंगा, गिट्टी, बालुवा, धुलोका हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुट्टै भ्याट बिल तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा | नयाँ थप | | १ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| २२ | निजी जग्गाको अप्रशोधित सामाग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमतिपत्र, प्रत्येक पटकको चलान पुर्जा र राजस्व तिरेको निस्सा साथमा नभेटिएमा | नयाँ थप | | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| २३ | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | नयाँ थप | | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| २४ | रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा संख्यामा ढुवानी गरेमा | नयाँ थप | | ३ हजार रुपैयाँ प्रतिपटक, पटकेमा दोव्वर, तेव्वर हुँदै जाने। | | |
| २५ | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद विक्री परिमाणमा हिसाब मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिवाना | नयाँ थप | | रु. ९ | प्रति घमि | पटकै पछि |
| २६ | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरीत क्रसिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा | नयाँ थप | | २०,००० | | पटकै पछि |
| २७ | कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा दण्ड जरिवाना | नयाँ थप | | २०,००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | कम्पनी रजिष्टारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत उद्योग सञ्चालन गरेमा दण्ड जरिवाना | नयाँ थप | | २०,००० | | पटकै पछि |
| २९ | कम्पनी दर्ता गरी इजाजत लिई उद्योग सञ्चालन गरे तापनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा जरिवाना | नयाँ थप | | २०,००० | | पटकै पछि |
| ३० | कृषक समुह नविकरण दस्तुर | नयाँ थप | | २०० | | ३५ दिन भित्र निशुल्क ३६ औं दिनबाट शुल्क लाग्ने |
| ३१ | यस ऐनका अनुसुचिहरुमा उल्लेख नभएका विषयहरुमा कर/दस्तुर/राजस्व लिनुपरेमा गण्डकी प्रदेशको प्रचलित कानून बमोजिम हुनेछ। | | | | | |

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री रोजी थकालीले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

## कार्यसूची १४ बमोजिमको निर्णय :-

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आ.ब. २०८०।८१ को विनियोजन ऐन, २०८० मा केही संशोधन सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

घरपझोङ गाउँपालिका, गाउँसभाको १२ औं अधिवेशनमा हामिले गत वर्षको बैंक मौज्दातलाई बजेटमा समावेश गरेका थिएनौं।राज्यको आर्थिक अवस्थामा शिथिलता आएको र समानिकरण अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमको समेत सुनिश्चित नभएको अवस्थामा आर्थिक वर्षको अन्त्यतिर हामिलाई संघ र प्रदेश सरकारबाट केहि रकम थप प्राप्त भएकोले हामीले यस विनियोजन ऐन, २०८० संशोधन मार्फत उक्त संचित बैंक मौज्दातलाई योजना तथा कार्यक्रम

बनाई उपयोग गर्ने र पूँजिगत खर्च बढाउन वाञ्छनीय देखिएकोले विनियोजन ऐन,२०८० को पहिलो संशोधनको लागि प्रस्ताव पेश गर्दछु।

सभाध्यक्ष ज्यू, यस गरिमामय सभामा २ करोड ८० लाख रुपैयाँको योजना तथा कार्यक्रम थप गरी कुल बजेट रकम ३२ करोड ७६ लाख ५९ हजार ७०० को संशोधीत अनुमान सभा समक्ष पेश गर्दछु।

संशोधन हुने र थप हुने योजना तथा कार्यक्रमहरु सदस्यहरुलाई वितरण भईसकेको व्यहोरा सभाध्यक्ष ज्यू मार्फत सभालाई जानकारी गराउँछु।

**प्रस्तावबाट प्राप्त हुने उपलब्धीहरुः-**

- पूँजिगत खर्चमा वृद्धि भई विकास निर्माणका कार्य थप हुनेछन।
- पहिलो बजेटमा सम्बोधन हुन नसकेका माग तथा योजनाहरु थप सम्बोधन हुनेछन।
- हालसम्म कार्यान्वयनमा आउन समस्या भएका केहि योजनाहरु योजनान्तर हुँदा कार्यान्वयनमा सहजता आउनेछ।

**देहाय :**

| चालु आर्थिक वर्ष २०८०र०८१ को लागि हिउँदे अधिवेशन बाट बजेट/कार्यक्रम विनियोजन प्रस्ताव | | | | | |
|---|---|---|---|---|---|
| **अनुमानित आय** | | | **अनुमानित व्यय** | | |
| **सि.नं.** | **विवरण** | **रकम रु.** | **सि.नं.** | **विवरण/ प्रस्तावित कार्यक्रम** | **रकम रु.** |
| १ | गत वर्षको नगद बैंक मौज्दात | २८०००००० | १ | गापा भवनको प्राङगण सम्याउने कार्य (दायित्व भुक्तानी) | २१०५०० |
| २ | युवा स्वरोजगार | २५०००००० | २ | गाउँपालिका क्षेत्रभित्र भूमि वर्गिकरण कार्यक्रम | १०००००० |
| ३ | समपुरक कोष | ४१९०५०० | ३ | वेब बेशमा आधारित डिजिटल प्रोफाइल निर्माण | ११३०००० |
| | | | ४ | सडक/यातायात वर्गिकरण गर्ने योजना(गुरु योजना) | १०००००० |
| | | | ५ | गाउँपालिका भवनमा पार्किङ तथा अन्य पुर्वाधार निर्माण योजना | २५०००००० |
| | | | ६ | चाईना टाउन निर्माण (व्यावसायिक भवन) | ४५०००००० |
| | | | ७ | थकाली म्युजियम ठिनीमा थप पूर्वाधार निर्माण | ४००००० |
| | | | ८ | आवधिक योजना निर्माण | २०००००० |
| | | | ९ | कार्यालयको दर्ता चलानी शाखामा फर्निचर तथा अन्य पुर्वाधार निर्माण | ५००००० |
| | | | १० | प्रशासनिक भवनमा एसि जडान कार्य | ४००००० |
| | | | ११ | सवारी खरिद | ८०००००० |
| | | | १२ | महोत्सवको दायित्व रकम भुक्तानी | ३००००० |
| | | | १३ | बसपार्कमा अन्य पुर्वाधार निर्माण योजना | १०००००० |
| | | | १४ | व्यायामशाला फिटनेश सामाग्री | १०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १५ | इण्डक्शन चुलो/ईन्फ्रारेड चुलो खरिद तथा वितरण | ९००००० |
| | | | १६ | स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण | २५०००० |
| | | | १७ | गणेश मन्दिर र RCC पुल नजिकको भित्तामा रङरोगन सहित भित्ते लेखन | ६००००० |
| | | | १८ | सार्वजनिक शौचालय निर्माण | १०००००० |
| | | | १९ | ढुङ्गा छपनी बिच्छाउने योजना (ठिनी) | १०००००० |
| | | | २० | सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थिहरुको लागि आवश्यक सामाग्री वितरण | ४००००० |
| | | | २१ | भुतिथाङ सिँढी बाटो निर्माण योजना (ठिनी) | १०००००० |
| | | | २२ | मार्फा पोम्क्यु मा नदि नियन्त्रण योजना (मार्फा) | १०००००० |
| | | | २३ | छेकोङमा सिंचाईको लागि पानी फिल्टर टयाङ्की तथा कुलो निर्माण योजना (स्याङ) | १०००००० |
| | | | २४ | कालीगण्डकी नदीकिनार (रोङ्तित देखि पुलचोक सम्म) नदिजन्य पदार्थ व्यवस्थापन योजना, स्याङ | ४००००० |
| | | | २५ | काठेपुल देखि रिजाल पसल सम्मको बाटो ढलान तथा साविक वडा नं.५ र ६ बीचको बाटो मर्मत योजना (जोमसोम) | १०००००० |
| | | | २६ | सि.सि. क्यामरा, सडक बत्ति र WiFi जडान (वडा नं.1ण | १०००००० |
| | | | २७ | चिमाङ आमा समुह भवनमा अन्य पूर्वाधार निर्माण | २००००० |
| | | | २८ | छैरो विद्यालय भवनमा मर्मत कार्य | २००००० |
| | | | २९ | दलित भवनमा फर्निचर खरिद योजना, मार्फा | ४००००० |
| | | | ३० | मार्फा सम्तेन छ्योलिङ गुम्बामा शौचालय मर्मत योजना | ४००००० |
| | **जम्मा रकम** | **३४६९०५००** | | **जम्मा** | **३४६९०५००** |
| | **संशोधन हुने** | | | **संशोधन भएपछी** | |
| १ | प्रगति प्रकाशन | १५०००० | १ | कानूनहरु छपाई तथा वितरण | १५०००० |
| २ | पर्यटन प्रचार प्रसार तथा वृतचित्र निर्माण | ५००००० | २ | डिजिटल नागरिक बडापत्र | ५००००० |
| ३ | अध्ययन अवलोकन भ्रमण | १०००००० | ३ | जेष्ठ नागरिक भ्रमण | ४५०००० |
| | | ० | | अध्ययन अवलोकन भ्रमण | ५५०००० |

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री मणि वि.क.ले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १५ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री प्रदिप थकालीले घरपझोङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) संशोधन सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

१) **प्रस्तावको नामः** घरपझोङ गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) संशोधन।

२) **प्रस्तावको कारणः**

- यस घरपझोङ गाउँपालिकाको बाह्रौ गाउँसभाबाट २ जना नगर प्रहरी दरबन्दी स्वीकृत भएको तर कुन पदको रहने भन्ने एकिन नभएकोले।
- यस घरपझोङ गाउँपालिकाको वडा नं. १ चिमाङ र वडा नं. ३ स्याङमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भई सञ्चालनमा रहेको तर वडा क्षेत्रमा एक मात्र स्थापित स्वास्थ्य संस्थामा हेल्थ असिष्टेन्ट (HA) को दरबन्दी नरहेदा संगठन संरचना नै अपुरो देखिएकोले।
- मार्फा स्वास्थ्य चौकीमा ल्यावको व्यवस्थापन रहेको तर कर्मचारी दरबन्दी नहुँदा ल्याव व्यवस्थापन तथा सञ्चालनको लागि कर्मचारी व्यवस्था गर्न नसकिएकोले । हाल गण्डकी प्रदेशबाट खटिएका स्वास्थ्य स्वयमसेवकलाई सेवा सुविधा थप गरी सेवा सुचारु गरिएको तर निजको सेवा अवधि समेत निकट भविष्यमा नै समाप्त हुन सक्ने अवस्थामा रहेकोले।
- गाउँपालिकाको अ.हे.ब. चौथो तह र अ.न.मि. चौथो तह दरबन्दी संख्या नमिलेको देखिएकोले ।

३) **प्रस्तावबाट गर्न खोजिएको व्यवस्थाः**

- १ जना नगर प्रहरी हवल्दार र २ जना नगर प्रहरी जवान दरबन्दी स्थापना गरी सेवा करार मार्फत नगर प्रहरीको व्यवस्था गर्न।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र, चिमाङमा १ र आधारभूत स्वास्थ्य सेवा केन्द्र, स्याङमा १ गरी २ जना हेल्थ असिष्टेन्ट (HA) पाचौं तहको अस्थायी दरबन्दी सिर्जना गरी संगठन संरचना पुरा गर्न।
- मार्फा स्वास्थ्य चौकीको लागि १ जना ल्याव असिष्टेन्ट, चौथो तहको अस्थायी दरबन्दी सिर्जना गरी सेवा करारमा कर्मचारी व्यवस्थापन सहित ल्यावको सेवालाई निरन्तर रुपमा सूचारु गर्न।
- अ.हे.व दरबन्दी ५ र अ.न.मि. दरबन्दी ७ रहेकोमा अ.हे.ब. दरबन्दी ६ र अ.न.मि. दरबन्दी ६ हुने गरी व्यवस्था गर्न ।

## ४) प्रस्तावबाट प्राप्त हुने उपलब्धिः

- गाउँपालिकामा नगर प्रहरीको व्यवस्था भई गाउँपालिकाको सम्पत्तिको सुरक्षा, ट्राफिक व्यवस्थापन, बसपार्क व्यवस्थापन लगायतका कार्यमा सहजता आउनेछ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रवाह हुने स्वास्थ्य सेवा चुष्त र प्रभावकारी हुनेछ।
- मार्फा स्वास्थ्य चौकीमा ल्याव सेवा निरन्तर रुपमा सुचारु भई सेवा प्रवाह चुस्त र प्रभावकारी हुनेछ।
- अ.हे.ब. र अ.न.मि. को दरबन्दी कार्य प्रकृतिको अधारमा व्यवस्थित हुनेछ ।

**संगठन ढाँचा :-**

**क) नगर प्रहरीको दरबन्दी तेरिज**

- नगर प्रहरी हवल्दार - १, नयाँ प्रस्ताव
  - → नगर प्रहरी जवान - २

**ख) चिमाङ आधारभुत स्वास्थ्य केन्द्रको दरबन्दी तेरिज**

- हेल्थ असिस्टेन्ट (सहायक पाँचौं) हे.ई. - १, नयाँ प्रस्ताव
  - → अ.हे.ब. (सहायक चौथो) हे.ई. - १
  - → अ.न.मी. (सहायक चौथो) क.न. - १
    - → कार्यालय सहयोगी (श्रेणीविहिन) - १

**ग) स्याङ आधारभुत स्वास्थ्य केन्द्रको दरबन्दी तेरिज**

- हेल्थ असिस्टेन्ट (सहायक पाँचौं) हे.ई. - १, नयाँ प्रस्ताव
  - → अ.हे.ब. (सहायक चौथो) हे.ई. - १
  - → अ.न.मी. (सहायक चौथो) क.न. - १
    - → कार्यालय सहयोगी (श्रेणीविहिन) - १

**घ) मार्फा स्वास्थ्य चौकीमा प्रस्ताव गरिएको दरबन्दी**

| |
|---|
| ल्या.अ. (सहायक चौथो) मे.ल्या.टे. - १, नयाँ प्रस्ताव |

**ङ) स्वास्थ्य संस्थाहरुको दरबन्दी संशोधन प्रस्ताव**

| क.सं. | पद | साविक दरबन्दी संख्या | प्रस्तावित दरबन्दी संख्या |
|---|---|---|---|
| १ | अ.हे.ब. चौथो तह | ५ | ६ |
| २ | अ.न.मि. चौथो तह | ७ | ६ |

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री भिषण थकालीले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १६ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले विधायन समितिका संयोजक श्री जैकला वि.क.ले **"घरपझोङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली विधेयक, २०८०"** सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

**१. प्रस्ताव पेश गर्नु पर्ने कारणः**

घरपझोङ गाउँपालिकाको आफ्नै खरिद नियमावली बनाई खरिद प्रक्रियालाई व्यवस्थित बनाउन बाञ्चनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) ले दिएको अधिकार प्रयोगग गरी नियमावली बनाउन अपरिहार्य भएकोले,

**२. प्रस्तावबाट गर्न खोजिएको व्यवस्थाः**

- सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित, मितव्यायी र पारदर्शी बनाउन ।
- खरिद प्रक्रियालाई नियमसंगत बनाउन ।
- गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणलाई प्रभावकारी बनाउन ।
- खरिद कार्यमा आउन सक्ने सम्भावित समस्याको समाधान गर्न ।
- भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउन ।

### ३. प्रस्तावबाट प्राप्त हुने उपलब्धिः

- सार्वजनिक खरिद प्रक्रिया व्यवस्थित, मितव्ययी र पारदर्शी हुनेछ ।
- खरिद प्रक्रिया नियमसंगत हुनेछ ।
- सेवा प्रवाह र विकास निर्माणमा थप प्रभावकारिता आउनेछ ।
- खरिद कार्यमा आउन सक्ने सम्भावित समस्याहरुको तत्काल समाधान गर्न सहयोग पुग्नेछ।
- कार्यालयबाट हुने भुक्तानी प्रक्रिया व्यवस्थित र पारदर्शी हुनेछ ।

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री अनिता घतानेले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १७ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले विधायन समितिका संयोजक श्री जैकला वि.क.ले **"घरपझोङ गाउँपालिकाको खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०"** सम्बन्धी तपसिल बमोजिमको प्रस्ताव छलफलको लागि गाउँसभा समक्ष पेश गर्नु भयो ।

**तपसिल :**

### १. प्रस्ताव पेश गर्नु पर्ने कारण

घरपझोङ गाउँपालिकाका नागरिकहरुको स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्ने मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुको माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाई र स्वाच्छता सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यस्था गर्न बाञ्छनीय भएकोले ।

### २. प्रस्तावबाट गर्न खोजिएको व्यवस्था

- खानेपानी तथा सरसफाईमा सबै नागरिकको पहुँच पुर्याउन ।
- खानेपानी स्रोतमाथीको अधिकार व्यवस्थित गर्न ।
- पानीका मुहान र स्रोतको संरक्षण गर्न ।
- खानेपानी आयोजना र संस्थाको हस्तान्तरणलाई व्यवस्थित गर्न ।

- खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको गठन गरी अपनत्व सिर्जना गराउन।
- अनुमतिपत्र विना खानेपानी स्रोतको उपयोग र पहुँच हुन नदिन ।
- खानेपानी तथा सरसफाइ सम्बन्धमा हुन सक्ने सम्भावित विवादको तत्काल समाधानमा सहजता ल्याउन ।

**३. प्रस्तावबाट प्राप्त हुने उपलब्धि**

- खानेपानी तथा सरसफाइमा सबै नागरिकको पहुँच पुग्नेछ ।
- खानेपानीका स्रोतहरुको व्यवस्थित संरक्षण तथा उपयोग हुनेछ।
- सबै गाउँ टोलमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन भएको हुनेछ।
- स्थानीय नागरिकहरुमा खानेपानी स्रोत तथा सरसफाइ र संरक्षणमा अपनत्व सिर्जना हुनेछ ।
- अनुमति विना खानेपानी स्रोतमा हुने हस्तक्षेप निरुत्साहित हुनेछ ।
- खानेपानी तथा सरसफाइ सम्बन्धमा उत्पन्न विवादको तत्काल समाधान गर्न सहयोग पुग्नेछ।

उक्त प्रस्तावलाई सभाध्यक्षज्यूले छलफलको लागि समय दिंदा सभा सदस्य श्री दुर्गादेवी रसाईलीले प्रस्तावको समर्थनमा आफ्नो धारणा राख्नु भयो ।

अन्य सदस्यहरुले छलफलमा भाग नलिनु भएकोले सभाध्यक्षज्यूले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची १८ बमोजिमको निर्णय :-**

गाउँसभाका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूले घरपझोङ गाउँपालिकाको गाउँसभाको १३औं अधिवेशन सफल पार्न छलफलमा भाग लिनु भएका सबै गाउँसभा सदस्यहरुको सक्रिय सहभागिताका लागि धन्यवाद व्यक्त गर्नु भयो । साथै गाउँसभाको सफल व्यवस्थापनको लागि गाउँपालिकाका उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, विभिन्न विषयगत समितिहरुका संयोजकहरु, सभाका सचिव एवंम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दै गाउँसभाको १३ औं अधिवेशन समाप्त भएको घोषणा गर्नु भयो ।